आकाशवामी समाचार - नेपाली
मतिः 06 दिसम्बर 2024
समयः 18.60 - 19.00 बजे (अवधीः 10 मनट)

मुख्य समाचार

1. प्रधानमंत्री नरेंद्र मोदीले आज नयां दिल्लीको भारत मंडपममा अष्टलक्ष्मी महोत्सवको उद्घाटन गर्नुभयो।

2. कोलकाताको बडतल्ला क्षेत्रमा सात महिनाकी नाबा लकाको अपहरण अनि दुष्कर्म भएको घटनाले राज्यको राजनीति तीव्र भएको छ।

3. आईआईटी खड़गपुरमा 2024-25 सत्रको प्लेसमेंट ड्राइवको पहिलो चरणमा एक हजार भन्दा बढी नौकरीको प्रस्ताव प्राप्त भएको छ।

4. गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले आज गोर्खा दुख निवारक सम्मेलन भवनमा 20औं छैटौं अनुसूची सम्झौता दिवस पालन गरेको छ।

5. आगामी 8 दिसम्बरको दिन खरसाङमा प्रथमपल्ट आयोजित हुन गइरहेको खरसाङ वन्टर रन टेन के फर सस्टनेबल टुरिज्मको तयारी लगभग पुरा भएको छ।

*************

प्रधानमंत्री - अष्टलक्ष्मी
प्रधानमंत्री नरेंद्र मोदीले आज नयां दिल्लीको भारत मंडपममा अष्टलक्ष्मी महोत्सवको उद्घाटन गर्नुभयो। तीन दिवसीय यस महोत्सवमा पूर्वोत्तर भारतको समृद्ध सांस्कृतिक झलक दे खनेछ। पूर्वोत्तरको पारंपरिक कला, शल्प अनि सांस्कृतिक प्रथाहरुको प्रदर्शन पनि गरिनेछ। यसले कपड़ा उद्योग, हस्त शल्प, पर्यटनको अवसरहरु अनि सबै आठ पूर्वोत्तर राज्यहरुको अनौठो उत्पादहरु प्रद र्शत गर्नका असाधारण मंच प्रदान गर्दछ । यस उत्सवमा मुख्य आकर्षण ग्रामीण हाट बाजार हुनेछ, जसमा त्यस क्षेत्रका 320 कसानहरु अनि कारीगरहरुको उपज अनि कलाको प्रदर्शन गरिनेछ । यस कार्यक्रममा पूर्वोत्तर भारतको प्र सद्ध मुगा अनि एरी सल्कको सम र्पत मंडप लगाईएको छ जसमा हस्त शल्पका कारीगरहरुले हस्त कलाको प्रदर्शन गर्नेछन्।
250 भन्द अ धक कारीगरहरुले 34 जीआई-टैग भएको वस्तुहरु सहित अद् वतीय हस्त शल्प,

हथकरघा अनि कृ ष-बागवानी उत्पादहरुको प्रदर्शन गर्नेछन्। यस महोत्सवमा कारीगरहरुको प्रदर्शनि, ग्रामीण हाट, राज्य वशेष मंडप अनि पूर्वोत्तर क्षेत्रको वकासका लागी महत्वपूर्ण क्षेत्रहरुमा तकनीकी सत्र पनि आयोजित गरिनेछ ।

*************

कोलकाता दुष्कर्म

कोलकाताको बडतल्ला क्षेत्रमा सात महिनाकी नाबा लकाको अपहरण अनि दुष्कर्म भएको घटनाले राज्यको राजनीति तीव्र भएको छ। जानकारीअनुसार पी डत नाबा लकालाई गत 30 नोभेम्बरको दिन आफ्ना बाबुआमासँग फुटपाथमा सुतिरहेको बेला अपहरण गरिएको थयो । त्यसपछि नाबा लकासँग दुष्कर्म गरिएको अनि गम्भीर अवस्थामा उनलाई आरजीकर मे डकल कलेज एवं अस्पतालको शशु आईसीयूमा भर्ना गरिएको बताइएको छ ।

पु लसले पोक्सो एक्ट अन्तर्गत मुद्दा दर्ता गरी अनुसन्धान सुरु गरेको छ। हालसम्म धेरै संदिग्धहरूलाई यस मा मलामा सोधपुछ गरिएको भए पनि तर कोही पक्रा परेका छैनन्। अहिले नाबा लकाको अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ भने चार सदस्यीय च कत्सकको टोलीले नाबा लकाको उपचार गरिरहेको छ। यता, यस घटनालाई लएर राज्यमा राजनीतिक तीव्र भएको छ। बीजेपी प्रदेश अध्यक्ष सुकान्त मजुमदारले ममता ब्यानर्जीको शासनमा अब सात महिनाकी बा लका पनि सुर क्षत छैनन् भन्दै कुनै समय संस्कृतिको राजधानी भनिने कोलकातामा आज अपराधीहरूको वर्चस्व रहेको बताउनु भएको छ। यस घटनाले राज्यमा महिला र बाल सुरक्षामा गम्भीर प्रश्न खडा गरेको छ । यता, पु लसले दोषीलाई छिट्टै पक्राउ गरी कडा कारबाही गर्ने आश्वासन दिएको छ ।

*************

अम्बेडकर जयन्ती

सं वधान निर्माता बाबा साहेब भमराव अम्बेडकरको आज पुण्यति थ व भन्न स्थानमा मनाइयो। यस अवसरमा भीम आर्मी तथा अनुसू चत जाति संगठनले संयुक्त रूपमा सुकुनास्थित बाबासाहेब अम्बेडकरको स लगमा एक श्रद्धाञ्जली सँगै सर-सफाइ कार्यक्रम आयोजना गरेको थयो ।

कार्यक्रममा भीम आर्मीसँगै अनुसु चत जाति संगठनका प्रतिनि धत्वहरूको बिशेष उपस्थिति थयो । उपस्थित प्रतिनि धहरूले आगामी 22 दिसम्बरमा हुने रास्ट्रीय अ धवेशनमा सम्पूर्णलाई उपस्थित हुने आह्वान पनि गरे।

*************

आईआईटी खड़गपुर

आईआईटी खड़गपुरमा 2024-25 सत्रको प्लेसमेंट ड्राइवको पहिलो चरणमा एक हजार भन्दा बढी नौकरीको प्रस्ताव प्राप्त भएको छ। संस्थानले एक वज्ञप्तिमा बताए अनुसार पहिलो दुई दिनमा 800 भन्दा अ धक प्रस्तावहरु प्राप्त भएको छ जसमा प्री-प्लेसमेंट ऑफर्स (पीपीओ) पनि शा मल छन्। 3 दिसंबर सम्म यसको संख्या हजार भन्दा अ धक भएको छ।

प्लेसमेंट प्र क्रया अव ध हाई- फ्रक्वेंसी ट्रे डंग, सॉफ्टवेयर, एना लटिक्स, वत्त, बैं कंग अनि कंसल्टिंग जस्ता व भन्न क्षेत्रको अग्रणी कंपनिहरुले छात्रहरुलाई आकर्षक भू मकाहरुमा प्रस्ताव दिएका छन्।

संस्थानले बताए अनुसार यस वर्षा प्लेसमेंटको शुरुआती चरणमा केहि कोर इंजीनियरिंग कंपनिहरुले पनि भाग लएका थए।

*************

अलीपुरद्वार स भक भोलेन्टियर मृत्यु

अलीपुरद्वारको शामुकतला थाना अन्तर्गत सलसलाबाडी इलाकाको राष्ट्रिय राजमार्गमा ट्रेलरको चपेटमा परेर एकजना स भक भोलेन्टियरको मृत्यु भएको छ। मृतक माझेरदाबरी निवासी थए। जानकारी अनुसार, स भक भोलेन्टियर आज बिहान सलसलाबाडी क्षेत्रको राष्ट्रिय राजमार्गमा ट्रा फक नियन्त्रण गर्दै थए। त्यही समय असमबाट सलगढी तर्फ आउँदै गरेको एउटा 16 चक्के ट्रेलरले उनलाई पछा डबाट धक्का दिएको थयो। यस घटनामा उनी गम्भीर रूपमा घाइते भए। स्थानीय मानिसहरूले तुरुन्तै उनलाई उद्धार गरेर अलीपुरद्वार जिल्ला अस्पताल पुऱ्याए, तर त्यहाँ डाक्टरहरूले उनलाई मृत घो षत गरे। खबर पाउने बि त्तकै शामुकतला पु लसले घटनास्थलमा पुगेर ट्रेलरका चालक र सह-चालकलाई नियन्त्रणमा लएको बताइएको छ। यसको साथै उक्त ट्रेलर पनि जफत गरिएको छ। यस दुर्घटनाको कारण लगभग आधा घण्टासम्म यातायात ठप्प भएको थयो।

*************

गोरामुमो छैटौं अनुसूची सम्झौता दिवस पालन

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले आज गोर्खा दुख निवारक सम्मेलन भवनमा 20औं छैटौं अनुसूची सम्झौता दिवस पालन गरेको छ।गोरामुमो दार्जी लङ ब्राञ्चको आयोजनामा गरिएको समारोहमा प्रमुख अति थको पार्टी अध्यक्ष मन घि सङ उपस्थित रहनुभएको थयो।दार्जी लङ बिधान सभा क्षेत्रका बिधायक एवं गोरामुमो केन्द्रीय स मति सेक्रेटरी जनरल निरज जिम्बा लगायत केन्द्रीय स मति सदस्यगण , भ्रातृ संगठनका प्रतिनि धवर्ग,गोरामुमो कार्यकर्ताहरुको ब्यापक उपस्थिति रहेको पार्टीका म डया सेल प्रभारी दिनेस साम्पाङले जानकारी दिएको छ।संस्थापक पार्टी अध्यक्ष सुवास घि सङको तस्बिरमा दिप प्रज्वलन गरि व भन्न संस्कृति कार्यक्रम बीच छैटौं अनुसूची सम्झौता दिवस समारोह सम्पन्न भएको थयो ।दार्जी लङ ब्राञ्च क मटी अध्यक्ष एम

जे सुब्बा द्वारा स्वागत भाषण रा खएको कार्यक्रममा वक्ताहरुले छैटौं अनुसूचीको औ चत्य बारे जानकारी गराए।आफ्नो सम्बोधन राख्दै केन्द्रीय स मति सेक्रेटरी जनरल ऋ ष थापाले भन्नुभयो आज छैटौं अनुसूची  मान्यता दिवस मनाएको पनि बीस बर्ष ला ग सक्यो तर त्यस समयका सरकारले यसलाई लागु गर्नु नसक्दा आज हामीले प्रतिवाद स्वरुप छैटौं अनुसूची सम्झौता दिवस मनाउदैछौ ।

गोरामुमोले  दार्जी लङ दे ख दिल्लीसम्म पुल बनाउने कार्य गर्दैछ।छैटौं अनुसूची माथी सबै गर्नु पर्ने कुरा सुवास घि सङले गरिसकेका छन् । हस्ताक्षर गरिसकेको कुरालाई दुई पटक हस्ताक्षर गर्नु  मल्दैन । तर अब माटोको सम्झौता हुदा बिरोध नगरिदिने बिधायक निरज जिम्बाले बताउनुभयो।

प्रमुख अति थको रुपमा बोल्दै गोरामुमो अध्यक्ष मन घि सङले भन्नुभयो , हामी एक अर्कामा हिलो छेपाइको राजनीति गरेर कुनै टुङ्गोमा पुग्न सकेको छैनौं । गोर्खा जातिले पाउनु पर्ने न्याय अहिले सम्म पाएका छैनौं । एक अर्कामा जुझेर केहि पनि हुदैन । सबै एक हुन पर्छ मुद्दा माथी चर्चा गर्नु पर्छ । चारैतिर हेरेर हिँड्नु हुँदैन तर एउटा लक्ष्य  लएर हिन्नु पर्छ हाम्रो एकता कायम गर्नु पर्छ पनि उहाँले बताउनुभयो।

*************

गंगा  गरी

कालेबुङ जिल्ला अ धनस्थ गोरूबथान खण्डको 44 नम्बर समष्टि लोअर कुमाई निवासी गंगाराम  गरी अनि  मना  गरीकी छोरी गङ्गा  गरी आगामी 7 दे ख 15 दिसम्बरसम्म दिल्लीमा सम्पन्न हुने राष्ट्रिय कराते वुसु च्याम्पियन सपमा अङ्शग्रहण गर्न हिजो दिल्ली प्रस्थान भएकी छन्। गत महिना कोलकतामा सम्पन्न भएको राज्य स्तरीय कराते वुसु प्रतियो गतामा गैरीबास उच्चत्तर माध्य मक  वद्यालयलाई प्रतिनि धत्व गर्दै गङ्गा  गरीले प्रतियोगीको रूपमा भाग  लएकी  थइन्, जसमा उनले स्वर्ण पदक हा सल गर्न सफल बनेकी  थइन्। को पस माध्य मक  शक्षा केन्द्रका भूतपूर्व छात्रा एवं वर्तमान गैरीबास उच्चतर माध्य मक  वद्यालयमा अध्ययनरत  गरीको उपलब्धिप्रति स्कूलका प्रधान अध्यापक पदम कुमार छेत्रीले हर्ष व्यक्त गर्नुहुँदै  वद्यालय परिवार पक्षबाट उनलाई बधाई तथा शुभकामना दिनु भएको छ।

*************

खरसाङ म्यारथन

आगामी 8 दिसम्बरको दिन खरसाङमा प्रथमपल्ट आयोजित हुन गइरहेको खरसाङ वन्टर रन टेन के फर सस्टनेबल टुरिज्मको तयारी लगभग पुरा भएको छ। गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अनि खरसाङ पार्वत्य खेलकुदसँगको संयुक्त आयोजनामा सम्पन्न हुन गइरहेको उक्त म्यारथन दौडमा धेरै सङ्ख्यामा क्षेत्रीय तथा देश वदेशका धावकहरूले आफ्नो नाम दौडको निम्ति दर्ता गराएर पञ्जीकरण गराइसकेका छन्। खरसाङ वन्टर रन टेन के फर सस्टनेबल टुरिज्म नाम रा खएको म्यारथन दौड खरसाङस्थित डाउहिल स्कूलको खेल मैदानबाट शुरू भएर पुनः डाउहिल स्कूलको खेल मैदानमा नै टुङ् गने जानकारी प्राप्त भएको छ। यस दौडको वस्तृत रोड म्याप रहेको छ- डाउहिल स्कूल- चम्नी-देउराली- चत्रे अनि पुनः डाउहिल स्कूल।

*************